केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या: बै.वि.नि.वि./नीति/परिपत्र/०८/०८२/८३

मिति: २०८२/०८/२९

इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(रामु पौडेल)
कार्यकारी निर्देशक

बोधार्थ :

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(१०) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, लाजिम्पाट ।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप ।

क्र.सं.	व्यवस्था नं.	विद्यमान व्यवस्था	संशोधित व्यवस्था
१.	इ.प्रा.निर्देशन.नं. २/०८१ को बुँदा १. को उपबुँदा (क) (२) को (उ) मा संशोधन ।	**(२) सूक्ष्म निगरानी (WatchList):** (उ) रु.२ अर्ब वा सो भन्दा बढी रकमका सह-वित्तीयकरण कर्जामा परिणत नभएका बहुबैंकिङ्ग कर्जा ।	**(२) सूक्ष्म निगरानी (WatchList):** (उ) रु.२ अर्ब वा सो भन्दा बढी रकमका सह-वित्तीयकरण कर्जामा परिणत नभएका कर्जा **तर, पारिपासु (Pari Passu) सम्झौता गरिएका नवीकरण नहुने प्रकृतिका अल्पकालिन चालु पुँजी कर्जाको हकमा यो व्यवस्था लागु हुने छैन ।**
२.	इ.प्रा.निर्देशन.नं. २/०८१ को बुँदा नं. ३ (च) मा संशोधन ।	**३. कर्जा खराब हुने अवस्थाः** (च) कर्जा असुल हुन नसकी लिलामी प्रक्रिया शुरु भएको वा असुली प्रक्रिया अन्तर्गत अदालतमा मुद्दा चलिरहेको अवस्थामा,	**३. कर्जा खराब हुने अवस्थाः** (च) कर्जा असुल हुन नसकी लिलामी प्रक्रिया शुरु भएको वा असुली प्रक्रिया अन्तर्गत अदालतमा मुद्दा चलिरहेको अवस्थामा, **तर, लिलामी प्रक्रिया शुरु भएपश्चात् कर्जा नियमित भएको खण्डमा उक्त कर्जालाई यस व्यवस्था अन्तर्गत खराब वर्गमा वर्गीकरण गरिरहन अनिवार्य हुने छैन ।**
३.	इ.प्रा.निर्देशन नं. २/०८१, बुँदा नं. ९ को उपबुँदा (८) (ग) मा संशोधन ।	(ग) किस्तावन्दी वा सम-मासिक किस्ता (Equal Monthly Installment, EMI) मा प्रदान गरिएका कर्जाको हकमा कर्जाको साँवा तथा ब्याज नियमित रहेको अवस्थामा देहायको त्यस्तो कर्जाको लागि पुनरसंरचना र/वा पुनरतालिकीकरण सरह थप कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछैन । (अ) कर्जाको किस्ता अग्रिम भुक्तानी भएको (Prepayment) कारणले किस्तावन्दीको रकम एवम् किस्ता संख्या कम भएमा । (आ) परिवर्तनशील ब्याजदर भएका कर्जाको ब्याजदर परिवर्तन भएको कारणबाट कर्जाको समयावधि तथा किस्ता रकम परिवर्तन भएमा । यस प्रसँगमा ब्याजदर बढेर कर्जाको समयावधि तथा किस्ता संख्या थपिन गएमा कर्जा स्वीकृत गर्ने समयमा निर्धारण गरिएका किस्ता रकम घटाउन पाइने छैन । त्यस्तै, ब्याजदर कमभई कर्जाको समयावधि तथा किस्ता संख्या घट्न गएमा पनि कर्जा स्वीकृत गर्ने बेलामा निर्धारित किस्ता रकम घटाउन पाइने छैन ।	(ग) किस्तावन्दी वा सम-मासिक किस्ता (Equal Monthly Installment, EMI) मा प्रदान गरिएका कर्जाको हकमा कर्जाको साँवा तथा ब्याज नियमित रहेको अवस्थामा देहायको कर्जा पुनरसंरचना र/वा पुनरतालिकीकरण सरह थप नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछैन । (अ) कर्जाको किस्ता अग्रिम भुक्तानी भएको (Prepayment) कारणले किस्तावन्दीको रकम एवम् किस्ता संख्या कम भएमा । (आ) परिवर्तनशील ब्याजदर भएका कर्जाको ब्याजदर परिवर्तन भएको कारणबाट कर्जाको समयावधि परिवर्तन भएमा । **(इ) ब्याजदर परिवर्तन भई किस्ता रकम परिवर्तन हुने अवस्थामा सम्बन्धित ऋणीले लिखित अनुरोध गरेमा ऋणीको आम्दानी समेत विश्लेषण गरी बढीमा वर्षको एकपटक किस्ता रकम परिवर्तन भएमा ।**

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप ।

४.	इ.प्रा.निर्देशन.नं. २/०८१ को बुँदा ९ को उपबुँदा (८) (ङ) मा संशोधन ।	(ङ) बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्रवाह भएका परियोजनाको उत्पादन क्षमता (Production Capacity) विस्तार हुने सुनिश्चित भई लगानीमा हुने वृद्धि वा अन्य लागतमा वृद्धि जस्ता कारणले शुरुमा तोकिएको कर्जा भुक्तानी गर्ने अवधि (Repayment Schedule) मा कर्जा चुक्ता गर्न सक्ने स्थिति नरहेका ऋणीमध्ये राष्ट्रिय प्राथमिकतामा रहेका हाईड्रोपावर, केवलकार, सिमेन्ट, तारे होटल वा अन्य पूर्वाधार निर्माण सम्बन्धी परियोजनाहरुलाई देहायका शर्त पुरा गरी पुनरतालिकीकरण र/वा पुनरसंरचना गरेको अवस्थामा १.०० प्रतिशतमात्र कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने छ । यसरी पुनरतालिकीकरण र/वा पुनरसंरचना गरिएका कर्जालाई असल कर्जाको रुपमा वर्गीकरण गर्न सकिने छ । (अ) परियोजना निष्क्रिय नभई सञ्चालन मै रहेको वा सञ्चालन शुरु हुने क्रममा रहेको हुनुपर्ने, र (आ) शुरुमा कर्जा प्रवाह गर्दा निर्धारण गरिएको ग्रेस (Moratorium) अवधि भन्दा पछिको अवधिमा पाकेको ब्याज पुँजीकृत गरी आम्दानी बाध्न नपाइने । (इ) बैंक तथा वित्तीय संस्थाले परियोजनाको उत्पादन क्षमता (Production Capacity) विस्तार भएको सुनिश्चित गनुपर्ने ।	(ङ) बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्रवाह भएका परियोजनाको उत्पादन क्षमता (Production Capacity) विस्तार हुने सुनिश्चित भई लगानीमा हुने वृद्धि वा अन्य लागतमा वृद्धि जस्ता कारणले शुरुमा तोकिएको कर्जा भुक्तानी गर्ने अवधि (Repayment Schedule) मा कर्जा चुक्ता गर्न सक्ने स्थिति नरहेका ऋणीमध्ये राष्ट्रिय प्राथमिकतामा रहेका हाईड्रोपावर, केवलकार, सिमेन्ट, तारे होटल वा अन्य पूर्वाधार निर्माण सम्बन्धी परियोजनाहरुलाई देहायका शर्त पुरा गरी पुनरतालिकीकरण र/वा पुनरसंरचना गरेको अवस्थामा १.०० प्रतिशतमात्र कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने छ । यसरी पुनरतालिकीकरण र/वा पुनरसंरचना गरिएका कर्जालाई असल कर्जाको रुपमा वर्गीकरण गर्न सकिने छ । (अ) परियोजना निष्क्रिय नभई सञ्चालनमा रहेको वा सञ्चालन शुरु हुने क्रममा रहेको हुनुपर्ने, र (आ) शुरुमा कर्जा प्रवाह गर्दा निर्धारण गरिएको ग्रेस (Moratorium) अवधि भन्दा पछिको अवधिमा पाकेको ब्याज पुँजीकृत गरी आम्दानी बाध्न नपाइने । (इ) **ऋणीले इजाजतपत्रप्राप्त संस्थालाई** परियोजनाको उत्पादन क्षमता (Production Capacity) विस्तार भएको **आधारहरु पेश गर्नुपर्ने** तथा **इजाजतपत्रप्राप्त** संस्थाले सो वमोजिम भएको सुनिश्चित गर्नुपर्ने ।
५.	इ.प्रा.नं २/०८१ को बुँदा नं. ११. को उपबुँदा (१) मा संशोधन ।	**११. गैर-बैंकिङ्ग सम्पत्ति सकार, नोक्सानी व्यवस्था र लिलाम बिक्री सम्बन्धमा** (१) इजाजतपत्रप्राप्त संस्थाले कुनै कर्जा असुली नभएमा सुरक्षणमा रहेको धितो बेचबिखन गरी बाँकी साँवा र ब्याज उठाउन सक्नेछ । संस्थाले कर्जा असुल गर्ने सिलसिलामा धितो लिलामी गर्दा लिलाम बिक्री नभएमा आफैले सकार गर्नुपर्नेछ । सकार गर्दा धितोको प्रचलित बजार मूल्य वा धितो सकार गर्न अघिल्लो दिनसम्मको सम्पूर्ण लेना रकम मध्ये जुन कम हुन्छ सोही मूल्यमा मूल्याङ्कन गर्नु पर्नेछ । यदि धितोको बजार मूल्य कर्जाको लेना रकम भन्दा कम	**११. गैर-बैंकिङ्ग सम्पत्ति सकार, नोक्सानी व्यवस्था र लिलाम बिक्री सम्बन्धमा** (१) इजाजतपत्रप्राप्त संस्थाले कुनै कर्जा असुली नभएमा सुरक्षणमा रहेको धितो बेचबिखन गरी बाँकी साँवा र ब्याज उठाउन सक्नेछ । **कर्जा असुल गर्न कम्तीमा ३ पटकसम्म धितो लिलामी प्रक्रिया पुरा गर्दा समेत उक्त धितो बिक्री नभएको खण्डमा मात्र आफैंले सकार गर्नुपर्नेछ ।** सकार गर्दा धितोको प्रचलित बजार मूल्य वा धितो सकार गर्न अघिल्लो दिनसम्मको सम्पूर्ण लेना रकममध्ये जुन कम हुन्छ सोही मूल्यमा मूल्याङ्कन गर्नु पर्नेछ । यदि धितोको बजार मूल्य कर्जाको लेना रकम भन्दा कम भएमा कम भएजति रकम सोही आर्थिक वर्षमा नाफा/नोक्सान हिसावमा खर्च लेख्ने व्यहोरा लेखा नीतिमा उल्लेख गर्नु पर्नेछ ।

		भएमा कम भएजति रकम सोही आर्थिक वर्षमा नाफा/नोक्सान हिसावमा खर्च लेख्ने व्यहोरा लेखा नीतिमा उल्लेख गर्नु पर्नेछ । तर, यसरी मूल्याङ्कन गर्दा त्यस्तो गैर बैंकिङ्ग सम्पत्ति वापतको रकम सम्पूर्ण रुपमा हिसाब मिलान नभएसम्म लेना रकममध्येको ब्याज रकमलाई नाफा/नोक्सान हिसाबमा आम्दानी जनाउन पाइने छैन र त्यस्तो रकमलाई गैर बैंकिङ्ग सम्पत्ति वापतको नोक्सानी व्यवस्थामा सार्नु पर्नेछ ।	तर, यसरी मूल्याङ्कन गर्दा त्यस्तो गैर बैंकिङ्ग सम्पत्ति वापतको रकम सम्पूर्ण रुपमा हिसाब मिलान नभएसम्म लेना रकममध्येको ब्याज रकमलाई नाफा/नोक्सान हिसाबमा आम्दानी जनाउन पाइने छैन र त्यस्तो रकमलाई गैर बैंकिङ्ग सम्पत्ति वापतको नोक्सानी व्यवस्थामा सार्नु पर्नेछ ।
६.	इ.प्रा.नं २/०८१ को बुँदा नं. ११. को उपबुँदा (२) र (३) हटाइएको ।	**११. गैर बैंकिङ्ग सम्पत्ति सकार, नोक्सानी व्यवस्था र लिलाम बिक्री सम्बन्धमा** (२) इजाजतपत्रप्राप्त संस्थाले सकार गरेको गैर बैंकिङ्ग सम्पत्तिमा सकार गरेकै मितिदेखि शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । (३) गैर बैंकिङ्ग सम्पत्ति बिक्री भएकोअवस्थामा त्यस्तो सम्पत्तिका लागि सिर्जना गरिएको नोक्सानी व्यवस्थाको आवश्यक हिसाबमिलान गर्नु पर्नेछ ।	हटाइएको ।
७.	इ.प्रा. निर्देशन नं. २ को बुँदा नं. ३९ मा संशोधन ।	३९. बैंक तथा वित्तीय संस्थाले ब्याज आम्दानीको लेखांकन गर्दा यस बैंकबाट जारी भएको NFRS 9- Expected Credit Loss Related Guidelines, 2024 बमोजिम गर्नु पर्नेछ ।	३९. बैंक तथा वित्तीय संस्थाले ब्याज आम्दानीको लेखांकन गर्दा यस बैंकबाट जारी भएको **Guidance Note on Interest Income Recognition, 2025** बमोजिम गर्नु पर्नेछ ।
८.	इ.प्रा.निर्देशन नं. २/०८१, बुँदा नं. ४७. मा शंशोधन ।	**४७. ऋण भुक्तानी आम्दानी अनुपात (Debt Service to Gross Income Ratio) कायम गर्ने सम्बन्धमा :** बैंक तथा वित्तीय संस्थाले व्यक्तिगत प्रकृतिका आवधिक कर्जा तथा हायर पर्चेज कर्जा लगायतका किस्ता भुक्तानीमा आधारित गैर व्यावसायिक कर्जा तथा व्यक्तिगत अधिविकर्ष कर्जामा ऋण भुक्तानी आम्दानी अनुपातको अधिकतम सीमा ५० प्रतिशत र घर जग्गा खरिद/निर्माण प्रयोजनमा प्रवाहित कर्जामा ऋण भुक्तानी आम्दानी अनुपात (DTI) को अधिकतम सीमा ७० प्रतिशत हुने गरी देहायबमोजिम गर्नुपर्नेछ ।	**४७. ऋण भुक्तानी आम्दानी अनुपात (Debt Service to Gross Income Ratio) कायम गर्ने सम्बन्धमा :** बैंक तथा वित्तीय संस्थाले व्यक्तिगत प्रकृतिका आवधिक कर्जा तथा हायर पर्चेज कर्जा लगायतका किस्ता भुक्तानीमा आधारित गैर व्यावसायिक कर्जा तथा व्यक्तिगत अधिविकर्ष कर्जामा ऋण भुक्तानी आम्दानी अनुपातको अधिकतम सीमा ५० प्रतिशत र घर जग्गा खरिद/निर्माण प्रयोजनमा प्रवाहित कर्जामा ऋण भुक्तानी आम्दानी अनुपात (DTI) को अधिकतम सीमा ७० प्रतिशत हुने गरी देहायबमोजिम गर्नुपर्नेछ । (क) ऋणीको आय श्रोत खुल्ने प्रमाणित कागजात संलग्न हुनुपर्ने छ ।

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप ।

		(क) ऋणीको आय श्रोत खुल्ने प्रमाणित कागजात संलग्न हुनुपर्ने छ । (ख) ऋणीले बुँदा नं.(क) बमोजिम पेश गरेको आम्दानी मध्ये कर तिर्नु पर्ने आयको हकमा कर चुक्ता/दाखिला गरेको र/वा अद्यावधिक करचुक्ता प्रमाणपत्रको आधारमा ऋणीको वार्षिक कुल आय (Gross Income) गणना गर्नु पर्नेछ । साथै, कर्जा अवधिभर आम्दानीसँग सम्बन्धित कर दाखिला/चुक्ता प्रमाणपत्र वार्षिक रुपमा लिई ऋणीको ऋण भुक्तानी आम्दानी अनुपात (Debt Service to Gross Income Ratio) अद्यावधिक गर्नुपर्नेछ । ग) इजाजतपत्रप्राप्त संस्थाले अधिकतम सीमाभन्दा बढी हुने गरी कर्जा प्रवाह गरेमा सो कर्जालाई सूक्ष्म निगरानी (Watch List) अन्तर्गत वर्गीकरण गर्नु पर्नेछ ।	(ख) ऋणीले बुँदा नं.(क) बमोजिम पेश गरेको आम्दानीमध्ये कर तिर्नु पर्ने आयको हकमा कर चुक्ता/दाखिला गरेको र/वा अद्यावधिक करचुक्ता प्रमाणपत्रको आधारमा ऋणीको वार्षिक कुल आय (Gross Income) गणना गर्नु पर्नेछ । **साथै, कर्जा अवधिभर ऋणीको आम्दानीसँग सम्बन्धित विवरण प्राप्त गरी ऋण भुक्तानी आम्दानी अनुपात (Debt Service to Gross Income Ratio) अद्यावधिक गर्नुपर्नेछ ।** ग) इजाजतपत्रप्राप्त संस्थाले अधिकतम सीमाभन्दा बढी हुने गरी कर्जा प्रवाह गरेमा सो कर्जालाई सूक्ष्म निगरानी (Watch List) अन्तर्गत वर्गीकरण गर्नु पर्नेछ ।
९.	इ.प्रा. निर्देशन नं ३/०८१ को बुँदा नं. ११ को उपबुँदा (४) को खण्ड (क) मा संशोधन ।	**(४) घरजग्गा तथा रियल स्टेट कर्जा सम्बन्धी व्यवस्था :** (क) रियलस्टेट कर्जा र सोको धितो सुरक्षणको Fair Market Value बीचको अनुपात (Loan to Value Ratio) बढीमा ५० प्रतिशतसम्म मात्र कायम गर्नु पर्नेछ । तर, निजी आवासीय घर कर्जा (Personal Residential Home Loan) र नियमानुसार दर्ता भई सञ्चालनमा रहेका नेपाल सरकारबाट स्वीकृति प्राप्त घर निर्माण व्यवसाय कम्पनीहरु/परियोजनाहरुलाई आवासीय घर निर्माणको लागि प्रदान गरिने कर्जाको हकमा यस्तो अनुपात (Loan to Value Ratio) बढीमा ७० प्रतिशतसम्म कायम गर्न सकिनेछ ।	**(४) घरजग्गा तथा रियल स्टेट कर्जा सम्बन्धी व्यवस्था :** (क) रियलस्टेट कर्जा र सोको धितो सुरक्षणको Fair Market Value बीचको अनुपात (Loan to Value Ratio) बढीमा ५० प्रतिशतसम्म मात्र कायम गर्नु पर्नेछ । तर, **जतिसुकै रकमका** निजी आवासीय घर कर्जा (Personal Residential Home Loan) र नियमानुसार दर्ता भई सञ्चालनमा रहेका नेपाल सरकारबाट स्वीकृति प्राप्त घर निर्माण व्यवसाय कम्पनीहरु/परियोजनाहरुलाई आवासीय घर निर्माणको लागि प्रदान गरिने कर्जाको हकमा यस्तो अनुपात (Loan to Value Ratio) बढीमा ७० प्रतिशतसम्म कायम गर्न सकिनेछ ।
१०.	इ.प्रा. निर्देशन नं. ४/०८१ को बुदा नं. ४ को (ख) (अ) (१) मा संशोधन ।	**४. नियमनकारी समायोजन** (ख) पहिलो NFRSs Compliant वित्तीय विवरण तथा त्यस पश्चातका वर्षहरुको वित्तीय विवरणहरुमा देहाय बमोजिमको नियमनकारी समायोजन गरी नियमनकारी कोष (Regulatory Reserve) मा रकम जम्मा/खर्च गर्नु पर्नेछ ।	**४. नियमनकारी समायोजन** (ख) पहिलो NFRSs Compliant वित्तीय विवरण तथा त्यस पश्चातका वर्षहरुको वित्तीय विवरणहरुमा देहाय बमोजिमको नियमनकारी समायोजन गरी नियमनकारी कोष (Regulatory Reserve) मा रकम जम्मा/खर्च गर्नु पर्नेछ ।

		(अ) (१) इजाजतपत्रप्राप्त संस्थाको लेखानीति बमोजिम लेखाङ्कन गरिएको कर्जाको ब्याज आम्दानीमध्ये यस बैंकको निर्देशन बमोजिम प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिने ब्याज आम्दानीमध्ये आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र प्राप्त भएको ब्याज रकम बाहेकका अन्य प्राप्त हुन बाँकी ब्याज आम्दानी बराबरको रकममा प्रचलित व्यवस्थाअनुसारको आयकर तथा कर्मचारी बोनस तथा बैधानिक कोष (साधारण जगेडा कोष र संस्थागत सामाजिक उत्तरदायित्व कोष) मा जम्मा गरेको रकम कट्टा गरी बाँकी रकमलाई सञ्चित मुनाफा (Retained Earning) लाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ । उक्त ब्याज रकम प्राप्त हुन आएमा नियमनकारी कोषबाट सञ्चित मुनाफा (Retained Earning) मा फिर्ता गर्न सकिनेछ ।	(अ) (१) इजाजतपत्रप्राप्त संस्थाको लेखानीति बमोजिम लेखाङ्कन गरिएको कर्जाको ब्याज आम्दानीमध्ये यस बैंकको निर्देशन बमोजिम प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिने ब्याज आम्दानीमध्ये प्राप्त हुन बाँकी ब्याज आम्दानी बराबरको रकममा प्रचलित व्यवस्थाअनुसारको आयकर तथा कर्मचारी बोनस तथा बैधानिक कोष (साधारण जगेडा कोष र संस्थागत सामाजिक उत्तरदायित्व कोष) मा जम्मा गरेको रकम कट्टा गरी बाँकी रकमलाई सञ्चित मुनाफा (Retained Earning) लाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ । उक्त ब्याज रकम प्राप्त हुन आएमा नियमनकारी कोषबाट सञ्चित मुनाफा (Retained Earning) मा फिर्ता गर्न सकिनेछ ।
११.	इ.प्रा. निर्देशन नं ६/०८१ को बुँदा नं. ७ मा उपबुँदा (५) मा संशोधन ।	**(५)** सम्पत्ति शुद्धीकरण निवारण समिति सम्बन्धी व्यवस्था यस बैंकको निर्देशन बमोजिम बैंक तथा वित्तीय संस्थाले गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा अनुपालना (Compliance) विभागका विभागीय प्रमुख तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख सदस्य र इ.प्रा. निर्देशन नं. १९ को बुँदा नं. १८ को उपबुँदा नं. २ बमोजिम नियुक्त भएको कार्यान्वयन अधिकारी सदस्य सचिव रहने गरी सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति गठन गर्नु पर्नेछ । समितिमा आवश्यकता अनुसार एक जना सम्म विशेषज्ञ/सम्बन्धित व्यक्ति आमन्त्रण गर्न सकिने छ । समितिको बैठक कम्तीमा पनि ३ महिनामा एकपटक बस्नु पर्नेछ । **समितिको काम कर्तव्य र उत्तरदायित्व** (क) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३, यस बैंकबाट जारी निर्देशन (इ.प्रा.निर्देशन नं. १९)	**(५)** सम्पत्ति शुद्धीकरण निवारण समिति सम्बन्धी व्यवस्था यस बैंकको निर्देशन बमोजिम बैंक तथा वित्तीय संस्थाले गैर-कार्यकारी सञ्चालकको संयोजकत्वमा अनुपालना (Compliance) विभागका विभागीय प्रमुख तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख सदस्य र इ.प्रा. निर्देशन नं. १९ को **बुँदा नं. १९** को उपबुँदा नं. २ बमोजिम नियुक्त भएको कार्यान्वयन अधिकारी सदस्य सचिव रहने गरी सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति गठन गर्नु पर्नेछ । समितिमा आवश्यकता अनुसार एक जनासम्म विशेषज्ञ/सम्बन्धित व्यक्ति आमन्त्रण गर्न सकिने छ । समितिको बैठक कम्तीमा पनि ३ महिनामा एकपटक बस्नु पर्नेछ । **समितिको काम कर्तव्य र उत्तरदायित्व** (क) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) **निवारण नियमावली, २०८१,** यस बैंकबाट जारी निर्देशन (इ.प्रा.निर्देशन नं. १९) बमोजिम भए/गरेका काम कारवाहीको समीक्षा गरी प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।

		बमोजिम भए/गरेका काम कारवाहीको समीक्षा गरी प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने । (ख) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३, यस बैंकबाट जारी निर्देशन तथा Financial Action Task Force (FATF) द्वारा जारी भएको सिफारिस (Recommendation) बमोजिम बैंकले तर्जुमा तथा कार्यान्वयन गरेको आन्तरिक नीति, कार्यविधि तथा प्रक्रियागत पक्षहरुको पर्याप्तता सम्बन्धमा छलफल गरी आवश्यक नीतिगत व्यवस्था र सो को कार्यान्वयन गर्ने ।	(ख) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) **निवारण नियमावली, २०८१,** यस बैंकबाट जारी निर्देशन तथा Financial Action Task Force (FATF) द्वारा जारी भएको सिफारिस (Recommendation) बमोजिम बैंकले तर्जुमा तथा कार्यान्वयन गरेको आन्तरिक नीति, कार्यविधि तथा प्रक्रियागत पक्षहरुको पर्याप्तता सम्बन्धमा छलफल गरी आवश्यक नीतिगत व्यवस्था र सो को कार्यान्वयन गर्ने ।
१२.	इ.प्रा. निर्देशन नं ६/०८१ को बुँदा नं. १९ मा उपबुँदा (२) मा संशोधन ।	(२) सञ्चालक समितिका अध्यक्ष, सदस्य र प्रमुख कार्यकारी अधिकृतको विदेश भ्रमण सम्बन्धी व्यवस्थालाई थप व्यवस्थित बनाउन सम्बन्धित संस्थाले यस सम्बन्धी कार्यविधि बनाई लागू गर्नुपर्नेछ र त्यस्तो कार्यविधिमा अन्य आवश्यक विषयहरुका अतिरिक्त देहाय बमोजिमको व्यवस्था कायम गरेको हुनुपर्नेछ । क) भ्रमणको उद्देश्य, उपयोगिता लगायतका पक्षहरुमा सम्बन्धित संस्थाको संचालक समितिवाट निर्णय भएको हुनुपर्नेछ । ख) संचालक समितिका अध्यक्ष, सदस्य र प्रमुख कार्यकारी अधिकृत संस्थाको कामसँग सम्बन्धित विषयमा विदेश भ्रमणमा जानु पर्दा भ्रमण गरिने मुलुक, भ्रमणमा जाने पदाधिकारीको नाम, भ्रमण अवधि, भ्रमणको विषय, भ्रमण गर्दा लाग्ने खर्च एवम् सम्बन्धित इजाजतपत्रप्राप्त संस्थालाई हुने लाभ समेतको विश्लेषण गर्नुपर्नेछ । ग) विदेश भ्रमण कार्यक्रम मितव्ययी हुने गरी सम्पन्न गर्नुपर्नेछ ।	(२) सञ्चालक समितिका अध्यक्ष, सदस्य र प्रमुख कार्यकारी अधिकृतको विदेश भ्रमण सम्बन्धी व्यवस्थालाई थप व्यवस्थित बनाउन सम्बन्धित संस्थाले यस सम्बन्धी कार्यविधि बनाई लागू गर्नुपर्नेछ र त्यस्तो कार्यविधिमा अन्य आवश्यक विषयहरुका अतिरिक्त देहाय बमोजिमको व्यवस्था कायम गरेको हुनुपर्नेछ । **साथै, सञ्चालक समितिका अध्यक्ष, सदस्य र प्रमुख कार्यकारी अधिकृत विदेश भ्रमण गर्दा प्रत्येक पटक संचालक समितिबाट निर्णय गर्नुपर्नेछ ।** क) भ्रमणको उद्देश्य, उपयोगिता लगायतका पक्षहरुमा सम्बन्धित संस्थाको संचालक समितिवाट निर्णय भएको हुनुपर्नेछ । ख) संचालक समितिका अध्यक्ष, सदस्य र प्रमुख कार्यकारी अधिकृत संस्थाको कामसँग सम्बन्धित विषयमा विदेश भ्रमणमा जानु पर्दा भ्रमण गरिने मुलुक, भ्रमणमा जाने पदाधिकारीको नाम, भ्रमण अवधि, भ्रमणको विषय, भ्रमण गर्दा लाग्ने खर्च एवम् सम्बन्धित इजाजतपत्रप्राप्त संस्थालाई हुने लाभ समेतको विश्लेषण गर्नुपर्नेछ । ग) विदेश भ्रमण कार्यक्रम मितव्ययी हुने गरी सम्पन्न गर्नुपर्नेछ ।

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप ।

१३.	इ.प्रा. निर्देशन नं. ८ को बुँदा नं. (८) मा संशोधन ।	**८. स्वःप्रयोजनका लागि अचल सम्पत्ति खरिद/निर्माणको सम्बन्धमा** इजाजतपत्रप्राप्त संस्थाले आफ्नो प्रयोजनको निमित्त आवश्यक परेमा बाहेक अचल सम्पत्ति खरिद गर्न पाइने छैन । आफ्नो प्रयोजनको निमित्त जग्गा, भवन वा दुवै आवश्यक परेमा देहायका शर्तहरुको अधीनमा रही खरिद वा निर्माण गर्न सक्नेछ । (क) बैंक/वित्तीय संस्था संस्थापना गर्दाको सम्पूर्ण पूर्व सञ्चालन खर्च (Pre operating expenses) अपलेखन भइसकेको हुनुपर्नेछ । (ख) प्रबन्धपत्र/नियमावलीमा उल्लेख भए बमोजिमको सेयर सर्वसाधारणमा जारी गरी सकेपछिको पहिलो साधारण सभा सम्पन्न भएको हुनुपर्नेछ । (ग) विगत २ वर्षदेखि निरन्तर खुद मुनाफामा सञ्चालन भएको र सञ्चित नोक्सानीमा नरहेको हुनुपर्नेछ । (घ) यस बैंकले जारी गरेको निर्देशन बमोजिम पुँजीकोष पर्याप्त रहेको हुनुपर्नेछ । (ङ) इजाजतपत्रप्राप्त संस्थाले आवश्यक नीति तर्जुमा गरी प्राथमिक पुँजीको २५ प्रतिशतको सीमाभित्र रही जग्गा, भवन वा दुवै खरिद वा भवन निर्माण गर्नुपर्नेछ । (च) खण्ड (क) देखि (घ) सम्म उल्लिखित अवस्था पुरा नगरी जग्गा, भवन वा दुवै खरिद वा निर्माण गरेमा सो बराबरको रकम प्राथमिक पुँजीकोष गणना गर्दा घटाउनु पर्नेछ । (छ) खण्ड (ङ) को सीमा भन्दा बढी खर्च गरी जग्गा, भवन वा दुवै खरिद वा भवन निर्माण गरेमा उक्त सीमा भन्दा बढी रकम प्राथमिक पुँजीकोष गणना गर्दा घटाउनु पर्नेछ । (ज) जग्गा, भवन वा दुवै खरिद गरेको वा भवन निर्माण सम्पन्न भएको मितिबाट ३ वर्षसम्म आफ्नो प्रयोगमा नआएमा सो बराबरको रकम प्राथमिक पुँजीकोष गणना गर्दा घटाउनु पर्नेछ । (झ) जग्गा, भवन वा दुवै आफ्नो प्रयोजनमा नआउने देखिएमा बिक्री गर्नु पर्नेछ ।	**८. स्वःप्रयोजनका लागि अचल सम्पत्ति खरिद/निर्माणको सम्बन्धमा** इजाजतपत्रप्राप्त संस्थाले आफ्नो प्रयोजनको निमित्त आवश्यक परेमा बाहेक अचल सम्पत्ति खरिद गर्न पाइने छैन । आफ्नो प्रयोजनको निमित्त जग्गा, भवन वा दुवै आवश्यक परेमा देहायका शर्तहरुको अधीनमा रही खरिद वा निर्माण गर्न सक्नेछ । (क) बैंक/वित्तीय संस्था संस्थापना गर्दाको सम्पूर्ण पूर्व सञ्चालन खर्च (Pre operating expenses) अपलेखन भइसकेको हुनुपर्नेछ । (ख) प्रबन्धपत्र/नियमावलीमा उल्लेख भए बमोजिमको सेयर सर्वसाधारणमा जारी गरी सकेपछिको पहिलो साधारण सभा सम्पन्न भएको हुनुपर्नेछ । (ग) विगत २ वर्षदेखि निरन्तर खुद मुनाफामा सञ्चालन भएको र सञ्चित नोक्सानीमा नरहेको हुनुपर्नेछ । (घ) यस बैंकले जारी गरेको निर्देशन बमोजिम पुँजीकोष पर्याप्त रहेको हुनुपर्नेछ । (ङ) इजाजतपत्रप्राप्त संस्थाले आवश्यक नीति तर्जुमा गरी प्राथमिक पुँजीको २५ प्रतिशतको सीमाभित्र रही जग्गा, भवन वा दुवै खरिद वा भवन निर्माण गर्नुपर्नेछ । (च) खण्ड (क) देखि (घ) सम्म उल्लिखित अवस्था पुरा नगरी जग्गा, भवन वा दुवै खरिद वा निर्माण गरेमा सो बराबरको रकम प्राथमिक पुँजीकोष गणना गर्दा घटाउनु पर्नेछ । (छ) खण्ड (ङ) को सीमा भन्दा बढी खर्च गरी जग्गा, भवन वा दुवै खरिद वा भवन निर्माण गरेमा उक्त सीमा भन्दा बढी रकम प्राथमिक पुँजीकोष गणना गर्दा घटाउनु पर्नेछ । (ज) जग्गा, भवन वा दुवै खरिद गरेको वा भवन निर्माण सम्पन्न भएको मितिबाट ३ वर्षसम्म आफ्नो प्रयोगमा नआएमा सो बराबरको रकम प्राथमिक पुँजीकोष गणना गर्दा घटाउनु पर्नेछ । (झ) जग्गा, भवन वा दुवै आफ्नो प्रयोजनमा नआउने देखिएमा बिक्री गर्नु पर्नेछ ।

			(ञ) **गैर बैकिङ्ग सम्पत्तिको रुपमा रहेको अचलसम्पत्तिलाई स्वप्रयोजनका लागि प्रयोग गर्ने प्रयोजनकोलागि लेखांकन गर्दा समेत खण्ड (क) देखी (झ) मा उल्लिखित व्यवस्था लागू हुनेछ।**
१४.	इ.प्रा. निर्देशन नं १०/०८१ को बुँदा नं. ७ मा संशोधन।	७. यस बैंकद्वारा जारी बैंक/वित्तीय संस्था संस्थापना एवम् वित्तीय कारोबार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवम् प्रक्रियागत व्यवस्थाः २०६३ ले गरेको नीतिगत व्यवस्था अनुसार यस बैंकबाट इजाजतपत्रप्राप्त कुनै एक बैंक तथा वित्तीय संस्थाको संस्थापक सेयरमा लगानी गर्दा चुक्ता पुँजीको बढीमा १५ प्रतिशत र अन्य बैंक तथा वित्तीय संस्थाहरुमा चुक्ता पुँजीको बढीमा १ प्रतिशतसम्म मात्र लगानी गर्न सकिने छ। साथै, “घ” वर्गको संस्थाको हकमा उपर्युक्त बमोजिमको सीमालाई क्रमशः २५ प्रतिशत र १० प्रतिशत कायम गरिएको छ। उल्लिखित लगानी सीमा नेपाल सरकार, नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाले सहायक कम्पनीमा संस्थापक भई लगानी गर्दा लागू हुने छैन। तर, नेपाल सरकारको ५० प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएका वित्तीय क्षेत्रसँग सम्बन्धित संस्था कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष र राष्ट्रिय बीमा संस्थानको हकमा बढीमा २५ प्रतिशतसम्म यस बैंकको स्वीकृति लिई एक भन्दा बढी बैंक तथा वित्तीय संस्थामा संस्थापक सेयर लगानी गर्न बाधा पुगेको मानिने छैन। माथि उल्लिखित सीमाभन्दा बढी सेयर धारण गर्ने संस्थापक सेयरधनीहरुको हकमा तोकिएको सीमाभित्र नआएसम्म सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट वितरण गरिने नगद लाभांश तथा बोनस सेयर रोक्का राखी सम्बन्धित संस्थाबाट जारी गरिने हकप्रद सेयरमा सहभागी हुन बन्देज लगाइएको छ। साथै त्यस्तो बैंक तथा वित्तीय संस्थालाई गाभ्न/गाभिन	७. (क) यस बैंकबाट इजाजतपत्रप्राप्त कुनै एक बैंक तथा वित्तीय संस्थाको सेयरमा लगानी गर्दा चुक्ता पुँजीको बढीमा १५ प्रतिशत र अन्य बैंक तथा वित्तीय संस्थाहरुमा चुक्ता पुँजीको बढीमा १ प्रतिशतसम्म मात्र लगानी गर्न सकिने छ। साथै, “घ” वर्गको संस्थाको हकमा उपर्युक्त बमोजिमको सीमालाई क्रमशः २५ प्रतिशत र १० प्रतिशत कायम गरिएको छ। उल्लिखित लगानी सीमा नेपाल सरकार, नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाले सहायक कम्पनीमा संस्थापक भई लगानी गर्दा लागू हुनेछैन। (ख) माथि उल्लिखित सीमाभन्दा बढी सेयर धारण गर्ने संस्थापक सेयरधनीहरुको हकमा तोकिएको सीमाभित्र नआएसम्म सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट वितरण गरिने नगद लाभांश तथा बोनस सेयर रोक्का राखी सम्बन्धित संस्थाबाट जारी गरिने हकप्रद सेयरमा सहभागी हुन बन्देज लगाइएको छ। साथै, त्यस्तो बैंक तथा वित्तीय संस्थालाई गाभ्न/गाभिन निर्देशन दिन सकिनेछ। तर यस निर्देशनले सम्बन्धित सेयरधनीले चाहेको खण्डमा हकप्रद सेयर हक हस्तान्तरण गर्न भने बाधा पुऱ्याएको मानिने छैन। (ग) **यस निर्देशन जारी हुनुपूर्व उल्लिखित खण्ड (क) मा तोकिएको सीमा भन्दा बढी सेयर धारण गरेका सेयरधनीले २०८७ असार मसान्तसम्म खण्ड (क) बमोजिमको सीमा भित्र ल्याइसक्नुपर्नेछ। उक्त मिति पश्चात समेत सीमा कायम हुने नसकेमा खण्ड (ख) बमोजिममा कारबाही हुनेछ।**

		निर्देशन दिन सकिनेछ । तर यस निर्देशनले सम्बन्धित संस्थापकहरुले चाहेको खण्डमा हकप्रद सेयर हक हस्तान्तरण गर्न भने बाधा पुऱ्याएको मानिने छैन ।	
१५.	इ.प्रा. निर्देशन नं. १० को बुँदा नं. १५ मा संशोधन ।	**१५. दुई प्रतिशतभन्दा घटी सेयर खरिद बिक्री सम्बन्धी विशेष व्यवस्था** इजाजतपत्रप्राप्त संस्थाको चुक्ता पुँजीको दुई (२) प्रतिशत वा सोभन्दा कम सेयर लिएका संस्थापक सेयरधनीहरुको नाममा रहेको संस्थापक सेयर प्रचलित ऐन कानुन तथा देहायका शर्तहरुको अधीनमा रही विद्यमान संस्थापकहरुबीच वा अन्य व्यक्ति वा संस्थालाई खरिद/बिक्री गर्नको लागि यस बैंकको स्वीकृति लिई रहनु पर्नेछैन । नयाँ संस्थापकहरुले यस बैंकले तोकेको मापदण्ड र Fit and Proper Test को व्यवस्थालाई परिपालना गरेको हुनु पर्नेछ । दुई प्रतिशतभन्दा बढी सेयर धारण गरेका संस्थापक सेयरधनीहरुको हकमा भने यस प्रयोजनको लागि संस्थापक सेयर खण्डीकृत गरी दुई प्रतिशत वा सो भन्दा कम गरी यस्तो सुविधा उपयोग गर्न पाईने छैन ।	**१५. सेयर खरिद बिक्री सम्बन्धी विशेष व्यवस्था** **इजाजतपत्रप्राप्त संस्थाको संस्थापक सेयरधनीहरुको नाममा रहेको संस्थापक सेयर प्रचलित ऐन कानुन तथा देहायका शर्तहरुको अधीनमा रही विद्यमान संस्थापकहरुबीच वा अन्य व्यक्ति वा संस्थालाई यस बैंकको पूर्व स्वीकृतिमा खरिद/बिक्री गर्नुपर्नेछ ।** **तर** इजाजतपत्रप्राप्त संस्थाको चुक्ता पुँजीको दुई (२) प्रतिशत वा सोभन्दा कम सेयर लिएका संस्थापक सेयरधनीहरुको नाममा रहेको संस्थापक सेयर विद्यमान संस्थापकहरुबीच वा अन्य व्यक्ति वा संस्थालाई खरिद/बिक्री गर्नको लागि यस बैंकको स्वीकृति लिई रहनु पर्नेछैन । नयाँ संस्थापकहरुले यस बैंकले तोकेको मापदण्ड र Fit and Proper Test को व्यवस्थालाई परिपालना गरेको हुनु पर्नेछ । **साथै,** दुई प्रतिशतभन्दा बढी सेयर धारण गरेका संस्थापक सेयरधनीहरुको हकमा भने यस प्रयोजनको लागि संस्थापक सेयर खण्डीकृत गरी दुई प्रतिशत वा सो भन्दा कम गरी यस्तो सुविधा उपयोग गर्न पाईने छैन ।
१६.	इ.प्रा. निर्देशन नं. ११/०८१ को बुँदा नं. १६ थप गरी क्रमसंख्या मिलान गरिएको ।	**हाल नरहेको ।**	**(१६) सहवित्तीयकरण र पारिपासु कर्जाको हकमा ऋणीको SOL Group Name प्रयोग गर्दा सह-वित्तीयकरण समूहको बैठकबाट निर्णय गराई सम्पूर्ण सहभागी बैंक तथा वित्तीय संस्थाले एउटै SOL Group Name प्रयोग गर्नुपर्नेछ ।**
१७.	इ.प्रा. निर्देशन नं १२/०८१ को बुँदा नं. ९ को उपबुँदा (६) मा (२) थप गरी क्रमसंख्या मिलान गर्ने ।	**हाल नरहेको**	**(६) कालोसूचीबाट नाम हट्न सक्ने व्यवस्था** **२. इजाजतपत्रप्राप्त संस्थाले आफूले प्राप्त गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल हुने गरी गैर-बैकिङ्ग सम्पत्ति सकार गरेमा । यसरी सकार गर्दा उक्त सम्पत्तिउपर ऋणीले हकदाबी छोडेको प्रतिवद्धता समेत लिनुपर्नेछ ।**

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप ।

१८.	इ.प्रा. निर्देशन नं १२/२०८१ को बुँदा नं. १७ को उपबुँदा (७) मा सशोधन ।	(७) **भूलवस कालोसूचीमा समावेश भएकाहरुको सम्बन्धमा** कालोसूचीमा समावेश नहुनु पर्ने कुनै व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था भूलवस कालोसूचीमा समावेश गरिएको रहेछ भने यस सम्बन्धमा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिबाट सिफारिस भई आएमा अबिलम्ब त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई अभिलेख नै नरहने गरी कालोसूचीबाट हटाउनु पर्नेछ। यसरी कालोसूचीमा समावेश भई हटेका व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई कालोसूचीमा समावेश भएको मानिने छैन ।	(७) **भूलवश कालोसूची सूचीमा समावेश भएकाहरुको सम्बन्धमा** कालोसूचीमा समावेश नहुनु पर्ने कुनै व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था भूलवश कालोसूची वा डिफल्टरसूचीमा समावेश गरिएको रहेछ भने यस सम्बन्धमा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको **कार्यकारी प्रमुखले निर्णय गरी** अनुरोध गरेमा **अविलम्ब** त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई अभिलेख नै नरहने गरी कालोसूची हटाउनु पर्नेछ। यसरी भूलवश कालोसूची समावेश भई हटेका व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई कालोसूची समावेश भएको मानिने छैन। **इजाजतपत्रप्राप्त संस्थाले यसरी भूलवश कालोसूचीमा समावेश भई हटेका व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाको विवरण त्रैमासिक रुपमा आफ्नो संचालक समितिमा पेश गर्नुपर्नेछ।**
१९.	इ.प्रा. निर्देशन नं १२/०८१ को बुँदा नं. २० को खण्ड (क) मा संशोधन ।	२०. क) यस बैंकको निर्देशनबमोजिम कालोसूचीमा समावेश भएका व्यक्ति, फर्म, कम्पनी, संस्थाले बैंक तथा वित्तीय संस्थामा खाता (कल खाता समेत) खोल्न पाउने छैनन् । तर, कानूनबमोजिम सामाजिक सुरक्षा भत्ता एवम् पेन्सन रकम प्राप्त गर्ने प्रयोजनको लागि खाता खोल्न यस व्यवस्थाले बाधा पुगेको मानिने छैन ।	**२०.** **क)** यस बैंकको निर्देशनबमोजिम कालोसूचीमा समावेश भएका व्यक्ति, फर्म, कम्पनी, संस्थाले बैंक तथा वित्तीय संस्थामा खाता (कल खाता समेत) खोल्न पाउने छैनन् । तर, कानूनबमोजिम सामाजिक सुरक्षा भत्ता, **तलबी खाता** एवम् पेन्सन रकम प्राप्त गर्ने प्रयोजनको लागि खाता खोल्न यस व्यवस्थाले बाधा पुगेको मानिने छैन ।
२०.	इ.प्रा.निर्देशन नं. १४ को बुँदा नं. (१) को खण्ड (ज) हटाइएको ।	(ज) संघीय संरचना अनुसार तय भएका ७५३ स्थानीय तहमध्ये २०७७ असार मसान्तसम्म वाणिज्य बैंकको शाखा नरहेका स्थानीय तहमा तोकिएका वाणिज्य बैंकले अनिवार्य रुपले शाखा खोल्नु पर्नेछ । विकास बैंकहरुले वाणिज्य बैंक र विकास बैंक दुवै नरहेका स्थानीय तहमा शाखा खोल्न सक्नेछन्। यस व्यवस्था बमोजिम शाखा खोल्ने सम्बन्धमा देहायको प्रक्रियागत व्यवस्थाहरु गरिएको छ ।	हटाइएको ।

		(१) यस व्यवस्था बमोजिम सम्बन्धित वाणिज्य बैंक वा विकास बैंकले सञ्चालक समितिबाट निर्णय गराई शाखा कार्यालय खोल्न सक्नेछन् । यस बैंकको स्वीकृति आवश्यक पर्ने छैन । यसरी शाखा खोलेको ३ दिनभित्र यस बैंकलाई जानकारी गराउनु पर्नेछ । (२) यस व्यवस्था बमोजिम तोकिएको स्थानीय तहमा शाखा खोल्ने वाणिज्य बैंक वा विकास बैंकको शाखा कार्यालयलाई सरकारी कारोबार सञ्चालन गर्न दिने व्यवस्था मिलाइनेछ । (३) यस बैंकको मितिः २०७४/१२/१४ पत्रसंख्या : बैं.वि.नि.वि/नीति/परिपत्र/कखग/१८/०७४/७५ को परिपत्रमा तोकिए बमोजिमका बैंकिङ्ग सुविधा नपुगेका ११६ स्थानीय तहमध्ये कुनै दुई तहमा शाखा कार्यालय खोली संचालनमा ल्याए पश्चात मात्र सोही अनुसूचीमा तोकिएका वाणिज्य बैंकहरुलाई काठमाडौं महानगरपालिका वा ललितपुर महानगरपालिकामा एउटा शाखा कार्यालय खोल्न स्वीकृति प्रदान गर्न सकिनेछ ।	
२१.	इ.प्रा. निर्देशन नं. १४/०८१ मा बुँदा नं. २ मा संशोधन ।	**२. केन्द्रीय कार्यालय, शाखा वा कुनै किसिमको कार्यालय बन्द गर्ने, स्थानान्तरण गर्ने, गाभ्ने तथा ठेगाना परिवर्तन सम्बन्धी व्यवस्था** (क) इजाजतपत्रप्राप्त संस्थाले यस बैंकको पूर्व स्वीकृति बिना शाखा वा कुनै पनि किसिमको कार्यालय बन्द गर्न वा स्थानान्तरण गर्न वा गाभ्न पाउनेछैनन् ।	**२. केन्द्रीय कार्यालय, शाखा वा कुनै किसिमको कार्यालय बन्द गर्ने, स्थानान्तरण गर्ने, समायोजन/गाभ्ने तथा ठेगाना परिवर्तन सम्बन्धी व्यवस्था** **(क) इजाजतपत्रप्राप्त संस्थाले यस बैंकको पूर्वस्वीकृति बिना शाखा वा कुनै पनि किसिमको कार्यालय बन्द गर्न वा स्थानान्तरण गर्न वा गाभ्न पाउने छैनन् ।** **तर, देहायबमोजिमको अवस्थामा इजाजतपत्रप्राप्त संस्था स्वयम्ले निर्णय गरी महानगरपालिका भित्र रहेका शाखा समायोजन गर्न सक्नेछन्ः** **(१) विद्युतीय भुक्तानी कारोबार बढीरहेको तथा वित्तीय संस्थाको शाखा उल्लेख्य रहेको सन्दर्भमा बैंक तथा वित्तीय संस्था स्वयमले महानगरपलिकामा रहेका शाखा समायोजन/एकीकरण गर्न सक्नेछन् ।**

			(२) सरकारी निकाय वा सार्वजनिक संस्था लक्षित गरी स्थापना भएको शाखाको हकमा उक्त संस्थाको लिखित सहमति पश्चात् मात्र शाखा समायोजन गर्न सकिनेछ । **(३) शाखा समायोजन गर्नुपूर्व सरोकारवालाको जानकारीका लागि कम्तिमा ९० (नब्बे) दिनको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिका, सम्बन्धित संस्थाको वेबसाइट र उक्त शाखाको सूचनापाटीमा समेत प्रकाशन गर्नुपर्नेछ ।** **(४) दुई वा सोभन्दा बढी शाखाहरु समायोजन हुने अवस्थामा समायोजन हुने शाखाका ग्राहकले उक्त संस्थाको कर्जा चुक्ता गर्न चाहेमा वा अन्य सेवा बन्द गर्न चाहेमा कुनै पनि प्रकारका शुल्क नलिई कर्जा चुक्ता वा सेवा स्थगित गर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।** **(६) शाखा समायोजन गरेको ३ कार्यदिनभित्र अनुसूची १४.२ बमोजिमको विवरण यस बैंक समक्ष पेश गर्नुपर्नेछ ।** ***प्रष्टिकरण:*** *समायोजन भन्नाले कुनै इजाजतपत्रप्राप्त संस्थाको दुई वा दुई भन्दा बढी शाखाहरु एक आपसमा गाभिएर एउटा शाखा कायम हुने अवस्था सम्झनु पर्दछ ।*
२२.	इ.प्रा. निर्देशन नं १७/०८१ को बुँदा नं.३ मा खण्ड (च) मा संशोधन ।	(च) ग्रामीण क्षेत्रमा गठित उपभोक्ता समिति वा त्यस्तो क्षेत्रमा कार्यरत विषयगत सहकारी संस्था मार्फत सामुदायिक सिंचाई प्रणालीमा प्रवाह गरेको कर्जा तथा ग्रामीण क्षेत्रमा ट्र्याक्टर, थ्रेसर तथा अन्य कृषि औजार खरिद गर्ने प्रयोजनको लागि प्रवाह भएको कर्जा ।	(च) ग्रामीण क्षेत्रमा गठित उपभोक्ता समिति वा त्यस्तो क्षेत्रमा कार्यरत विषयगत सहकारी संस्था मार्फत सामुदायिक सिंचाई प्रणालीमा प्रवाह गरेको कर्जा । साथै **कृषकहरुलाई** ग्रामीण क्षेत्रमा ट्र्याक्टर, थ्रेसर, **कलेक्टर र बेलर सहितको कम्बाइण्ड हार्वेष्टर लगायतका कृषि उपकरण** तथा अन्य कृषि औजार खरिद गर्ने प्रयोजनको लागि प्रवाह भएको कर्जा ।
२३.	इ.प्रा. निर्देशन नं १९/०८१ को बुँदा नं.७ख को खण्ड (ई) मा संशोधन ।	७ ख. विप्रेषण (रेमिटयान्स) बचत खाता सम्बन्धमा । नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृतिप्राप्त गरी वैदेशिक रोजगारीमा जाने वा हाल वैदेशिक रोजगारमा रहेका	७ ख. विप्रेषण (रेमिटयान्स) बचत खाता सम्बन्धमा । नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृतिप्राप्त गरी वैदेशिक रोजगारीमा जाने वा हाल वैदेशिक रोजगारमा रहेका नेपालीको बैंक खाता

		नेपालीको बैंक खाता खोल्ने प्रयोजनका लागि देहायबमोजिमको मापदण्ड/प्रक्रिया अवलम्बन गर्नु पर्नेछ : (ई) उक्त खातामा नेपालबाट सोही खातामा रहेको रकमको ब्याज, विप्रेषण मुद्दती निक्षेप खाताबाट रकमान्तर हुने रकम र सरकारी निकायबाट प्राप्त हुने भुक्तानीबाहेक अन्य कुनै पनि रकम जम्मा वा रकमान्तर गर्न पाइने छैन् ।	खोल्ने प्रयोजनका लागि देहायबमोजिमको मापदण्ड/प्रक्रिया अवलम्बन गर्नु पर्नेछ : (ई) उक्त खातामा **वैदेशिक रोजगारीवापत आर्जन गरेको पारिश्रमिक (पेन्सनसमेत)**, नेपालबाट सोही खातामा रहेको रकमको ब्याज, विप्रेषण मुद्दती निक्षेप खाताबाट रकमान्तर हुने रकम र सरकारी निकायबाट प्राप्त हुने भुक्तानीबाहेक अन्य कुनै पनि रकम जम्मा वा रकमान्तर गर्न पाइने छैन् ।
२४.	इ.प्रा.निर्देशन नं. १/०८१ संग सम्बन्धीत अनुसूची १.१ Capital Adequacy Framework 2015 को बुँदा नं. २.६ को **B.** मा संशोधन ।	**B. Countercyclical buffer requirements** Nepal Rastra Bank has adopted the Credit to GDP ratio, macro-economic variable, as guide for reference point for taking buffer decisions. Nepal Rastra Bank will monitor Credit to GDP ratio at least annually and calculate Credit to GDP gap, i.e. the gap between Credit to GDP ratio and its Trend. The intensity of Credit to GDP gap shall be the indication of the extent of the buildup of system-wide risk i.e. If the credit-to-GDP ratio is significantly above its trend (ie there is a large positive gap) then this is an indication that credit may have grown to excessive levels relative to GDP. The Credit to GDP gap shall be calculated as follows: Credit to GDP Gap$_{(t)}$ = Credit to GDP Ratio$_{(t)}$ – Trend$_{(t)}$ The countercyclical buffer requirement will vary between zero and 2.5% of risk weighted exposure , depending on the extent of the build up of system-wide risk. The credit to GDP gap of 5 points shall be taken as cut off points of excess credit growth level. The increase by additional 2.5 point of credit to GDP gap in excess of 5 point shall require buffer requirement of 0.5% i.e. each increase in every 2.5 points in credit to GDP gap in excess of 5 points shall require to raise the buffer requirement by each 0.5%. For this purpose trend is defined as average of credit to GDP ratio of past 5 years**.** The following table shows	**B. Countercyclical buffer requirements** Nepal Rastra Bank has adopted the Credit to GDP ratio, macro-economic variable, as guide for reference point for taking buffer decisions. Nepal Rastra Bank will monitor Credit to GDP ratio at least annually and calculate Credit to GDP gap, i.e. the gap between Credit to GDP ratio and its Trend. The intensity of Credit to GDP gap shall be the indication of the extent of the buildup of system-wide risk i.e. If the credit-to-GDP ratio is significantly above its trend (ie there is a large positive gap) then this is an indication that credit may have grown to excessive levels relative to GDP. The Credit to GDP gap shall be calculated as follows: Credit to GDP Gap$_{(t)}$ = Credit to GDP Ratio$_{(t)}$ – **Trend$_{(t-1)}$** The countercyclical buffer requirement will vary between zero and 2.5% of risk weighted exposure , depending on the extent of the build up of system-wide risk. The credit to GDP gap of 5 points shall be taken as cut off points of excess credit growth level. The increase by additional 2.5 point of credit to GDP gap in excess of 5 point shall require buffer requirement of 0.5% i.e. each increase in every 2.5 points in credit to GDP gap in excess of 5 points shall require to raise the buffer requirement by each 0.5%. For this purpose trend is defined as average of credit to GDP ratio of past **5 years except year t. For example, while calculating the Credit to GDP Gap for**

<table>
<tr><td></td><td></td><td>the countercyclical buffer requirement in case of excess credit growth:</td><td>2081/82, the calculation is: Credit to GDP Ratio for 2081/82 minus the Average Credit to GDP Ratio from 2076/77 to 2080/81.The following table shows the countercyclical buffer requirement in case of excess credit growth:</td></tr>
<tr><td>२५.</td><td>इ.प्रा.निर्देशन नं. १/०८१ संग सम्बन्धीत अनुसूची १.१ Capital Adequacy Framework 2015 को बुँदा नं. ३.३ को j. को 1 j. मा संशोधन ।</td><td><u>j. Other assets</u>

j. Trust Receipt Loans for Trading Firms shall attract risk weight of 120%.</td><td><u>j. Other assets</u>

j. Trust Receipt Loans for Trading Firms shall attract risk weight of 100%.</td></tr>
<tr><td>२६.</td><td>इ.प्रा.निर्देशन नं. १/०८१ संग सम्बन्धीत अनुसूची नं. १.१ को 3.3RISK MEASUREMENT AND RISK WEIGHTS: को बुँदा नं. (4) मा संशोधन</td><td>4. Claims on public sector entities (PSEs)
<u>i. Claims on domestic public sector entities:</u>
The risk weight for claims on domestic pubic sector entities will be 100%.</td><td>4. Claims on public sector entities (PSEs)
i. Claims on domestic public sector entities shall be risk weighed as per the credit rating score of PSEs provided by licensed credit rating agency subject to the floor of 50% as follows:
<table>
<tr><th>Credit rating score equivalent to</th><th>Risk weights</th></tr>
<tr><td>AAA</td><td>50%</td></tr>
<tr><td>AA+ to AA-</td><td>70%</td></tr>
<tr><td>A+ to A-</td><td>80%</td></tr>
<tr><td>BBB+& below</td><td>100%</td></tr>
<tr><td>Unrated</td><td>100%</td></tr>
</table></td></tr>
<tr><td>२७.</td><td>इ.प्रा.निर्देशन नं. १/०८१ संग सम्बन्धीत अनुसूची १.१ Capital</td><td>हाल नरहेको ।</td><td>
<table>
<tr><td>1.2 CAPITAL</td><td>Current Period</td><td>Previous Period</td></tr>
<tr><td colspan="3">Supplementary Capital (Tier II)</td></tr>
<tr><td colspan="3"></td></tr>
<tr><td>Excess Additional Tier 1 Capital</td><td></td><td></td></tr>
</table></td></tr>
</table>

<table>
<tr><td></td><td>Adequacy Framework 2015 को FORM NO. 1A CAPITAL ADEQUACY TABLE मा संशोधन ।</td><td></td><td></td></tr>
<tr><td>२८.</td><td>इ.प्रा. निर्देशन नं. १४/०८१ सँग सम्बन्धित अनुसूची १४.२ थप गरिएको ।</td><td>हाल नरहेको ।</td><td>अनुसूची १४.२
<table><tr><th>SN</th><th>Branch Name</th><th>Address</th><th>Name of Branch to Consolidate with</th><th>Address</th><th>Distance between two branches</th><th>cial approval if need *</th><th>Remarks</th></tr><tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr></table>*Detail of special approval is required for branches established under the recommendation of a specific government and any other institution</td></tr>
<tr><td>२९.</td><td>इ.प्रा.निर्देशन नं. १९/०८१ सँग सम्बन्धीत अनुसूची १९.१ को (ख) (१०) मा संशोधन ।</td><td>(१०) प्रोप्राइटर, साझेदार र खाता सञ्चालकहरुको विवरण (पद, नाम, थर, पति/पत्नि, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)</td><td>(१०) प्रोप्राइटर, साझेदार र खाता सञ्चालकहरुको विवरण (पद, नाम, थर, पति/पत्नी, बाबु वा आमा, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)</td></tr>
</table>

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप ।

३०.	इ.प्रा.निर्देशन नं. १९/०८१ सँग सम्बन्धीत अनुसूची १९.१ को (ग) (१०) मा संशोधन ।	(१०) सञ्चालक, व्यवस्थापन समिति वा त्यस्तै कार्यका लागि गठन भएको अन्य कुनै समिति भए त्यसका पदाधिकारी, कार्यकारी प्रमुख, खाता सञ्चालकहरु र उच्च व्यवस्थापकको व्यक्तिगत विवरण (पद, नाम, थर, पति/पत्नी, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)	(१०) सञ्चालक, व्यवस्थापन समिति वा त्यस्तै कार्यका लागि गठन भएको अन्य कुनै समिति भए त्यसका पदाधिकारी, कार्यकारी प्रमुख, खाता सञ्चालकहरु र उच्च व्यवस्थापकको व्यक्तिगत विवरण (पद, नाम, थर, पति/पत्नी, **बाबु वा आमा,** बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)
३१.	इ.प्रा.निर्देशन नं. १९/०८१ सँग सम्बन्धीत अनुसूची १९.१ को घ (१०) मा संशोधन ।	(१०) कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको व्यक्तिगत विवरण (पद, नाम, थर, पति/पत्नी, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना,टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)	(१०) कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको व्यक्तिगत विवरण (पद, नाम, थर, पति/पत्नी, **बाबु वा आमा,** बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना,टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)
३२.	इ.प्रा.निर्देशन नं. १९/०८१ सँग सम्बन्धीत अनुसूची १९.१ को ङ (१०) मा संशोधन ।	(१०) सञ्चालक, कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको व्यक्तिगत विवरण (पद, नाम, थर, पति/पत्नी, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)	(१०) सञ्चालक, कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको व्यक्तिगत विवरण (पद, नाम, थर, पति/पत्नी, **बाबु वा आमा,** बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)
३३.	इ.प्रा.निर्देशन नं. १९/०८१ सँग सम्बन्धीत अनुसूची १९.१ को च (१०) मा संशोधन ।	(१०) सञ्चालक वा व्यवस्थापन समितिका सदस्य वा त्यस्तै कार्यका लागि गठन भएको अन्य कुनै समिति भए त्यसका पदाधिकारी, कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको विवरण (पद, नाम, थर, पति/पत्नी, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)	(१०) सञ्चालक वा व्यवस्थापन समितिका सदस्य वा त्यस्तै कार्यका लागि गठन भएको अन्य कुनै समिति भए त्यसका पदाधिकारी, कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको विवरण (पद, नाम, थर, पति/पत्नी, **बाबु वा आमा,** बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप ।

३४.	इ.प्रा.निर्देशन नं. १९/०८१ सँग सम्बन्धीत अनुसूची १९.१ को छ (१०) मा संशोधन ।	(१०) सञ्चालक वा व्यवस्थापन समितिका सदस्य वा त्यस्तै कार्यका लागि गठन भएको अन्य कुनै समिति भए त्यसका पदाधिकारी, कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको विवरण (पद, नाम, थर, पति/पत्नी, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)	(१०) सञ्चालक वा व्यवस्थापन समितिका सदस्य वा त्यस्तै कार्यका लागि गठन भएको अन्य कुनै समिति भए त्यसका पदाधिकारी, कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको विवरण (पद, नाम, थर, पति/पत्नी, **बाबु वा आमा,** बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)
३५.	इ.प्रा.निर्देशन नं. १९/०८१ सँग सम्बन्धीत अनुसूची १९.१ को ञ (१५) मा संशोधन ।	(१५) नेपालका लागि नियुक्त गरिएको प्रतिनिधि र खाता सञ्चालकको व्यक्तिगत विवरण (पद, नाम, थर, पति/पत्नी, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)	(१५) नेपालका लागि नियुक्त गरिएको प्रतिनिधि र खाता सञ्चालकको व्यक्तिगत विवरण (पद, नाम, थर, पति/पत्नी, **बाबु वा आमा,** बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)